जि.प्रशा.का, बारा दर्ता नं :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७२ | २०८३ साल जेठ ०४ गते सोमवार | Monday-18-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# बैशाखमा बारामा १४१ अपराध दर्ता, १८३ घरेलु हिंसाका उजुरी

*शु.आ. सम्बाददाता*
*बारा, ०३ जेठ*

जिल्ला प्रहरी कार्यालय बारा ले २०८३ साल वैशाख महिनामा सम्पन्न भएका सुरक्षा, अपराध अनुसन्धान तथा समुदाय केन्द्रित गतिविधिको मासिक प्रगति विवरण सार्वजनिक गरेको छ। सार्वजनिक तथ्याङ्कअनुसार वैशाख महिनाभर जिल्लाभर कुल १४१ वटा विभिन्न अपराधका मुद्दा दर्ता भएका छन्। प्रहरीका अनुसार ज्यान सम्बन्धी १, चोरी सम्बन्धी १३, सामाजिक अपराध ३, महिला तथा बालबालिका सम्बन्धी १० र अन्य १११ वटा मुद्दा दर्ता भएका छन्। जघन्य तथा गम्भीर अपराधतर्फ १९ वटा आर्थिक अपराध, १५ वटा जुवातास तथा अन्य गरी कुल ३६ वटा गम्भीर प्रकृतिका घटना दर्ता भएका छन्।




प्रहरीले चालु मुद्दामा फरार रहेका ८२ जना प्रतिवादी पक्राउ गरेको जनाएको छ। यस्तै सार्वजनिक चासोका १ हजार २३२ पेन्डिङ मुद्दामध्ये ५४ वटा फछ्र्योट गरिएको विवरणमा उल्लेख छ। फैसला कार्यान्वयनअन्तर्गत ७५ जना पक्राउ परेका छन् भने उनीहरूबाट ८ वर्ष २८ महिना ९२ दिन कैद तथा ५ लाख २२ हजार ३ सय ७५ रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

महिला तथा बालबालिका सम्बन्धी उजुरीको संख्या उल्लेख्य देखिएको छ। वैशाख महिनामा मात्रै १८३ वटा घरेलु तथा सामाजिक हिंसाका उजुरी परेका छन्। तीमध्ये १६१ वटा मिलापत्रमार्फत समाधान गरिएको छ। पीडितमध्ये अधिकांश १९ देखि ४० वर्ष उमेर समूहका रहेका छन्।

हराएका तथा फेला परेका व्यक्तिहरूको विवरणअनुसार ४३ जना हराएका थिए भने १६ जना फेला पारिएको प्रहरीले जनाएको छ। यस अवधिमा लागूऔषध सम्बन्धी ८ वटा मुद्दा दर्ता भएका छन्। प्रहरीले ५३ किलो ६०४ ग्राम गाँजा, १ दशमलव ४५ ग्राम ब्राउन सुगर तथा ट्रामाडोल ट्याब्लेट बरामद गरेको जनाएको छ।

आत्महत्याका घटनामा पनि वृद्धि देखिएको छ। वैशाख महिनामा विष सेवन र झुण्डिएर गरी १३ जनाले आत्महत्या गरेका छन्। तीमध्ये १६ देखि ४५ वर्ष उमेर समूहका व्यक्तिहरू बढी रहेका छन्।

सवारी दुर्घटनातर्फ जिल्लाभर १५९ वटा दुर्घटना भएको तथ्याङ्क सार्वजनिक गरिएको छ। दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने २६४ जना घाइते भएका छन्। दुर्घटनामा चालकको लापरवाही मुख्य कारण रहेको प्रहरीको निष्कर्ष छ। ट्राफिक कारवाहीबाट १३ लाख ६ हजार १ रुपैयाँ राजस्व संकलन गरिएको छ।

राजश्व चुहावट तथा भन्सार छली नियन्त्रणअन्तर्गत प्रहरीले ४ लाख २३ हजार २७० रुपैयाँ बराबरका सामान बरामद गरेको जनाएको छ। यस्तै अवैध मदिरा नियन्त्रण अभियानअन्तर्गत ३०० लिटर मदिरा बरामद गरिएको छ भने ४ वटा भाडा नष्ट गरिएको विवरणमा उल्लेख छ।

विपद् व्यवस्थापनतर्फ वैशाख महिनामा आगलागी, हावाहुरी, चट्याङ, करेन्ट लाग्ने तथा डुबान लगायत ४७ वटा घटना भएका छन्। ती घटनामा ४ जनाको मृत्यु तथा २ जना घाइते भएका छन्। घटनाबाट करिब ४९ लाख २५ हजार ५ सय रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

समुदाय तथा विद्यालय केन्द्रित कार्यक्रमअन्तर्गत प्रहरीले लागूऔषध, बालविवाह, महिला हिंसा, साइबर अपराध तथा ट्राफिक सचेतनासम्बन्धी १०४ वटा कार्यक्रम सञ्चालन गरेको जनाएको छ। ती कार्यक्रममा ३ हजार ५५० जना लाभान्वित भएको विवरणमा उल्लेख छ।

प्रहरीले अपराध न्यूनीकरणका लागि दिवा-रात्रि गस्ती, संयुक्त सुरक्षा परिचालन, सीसीटीभी निगरानी, ट्राफिक सचेतना कार्यक्रम तथा फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिएको जनाएको छ।

# सरकारी विज्ञापन नीति पछि संकटमा स्थानीय पत्रपत्रिका




*शु.आ. सम्बाददाता*
*बारा, ०३ जेठ*

सरकारले सार्वजनिक सूचना तथा विज्ञापनहरू मुख्य रूपमा सरकारी स्वामित्वका सञ्चारमाध्यम र सूचीकृत सीमित पत्रपत्रिकामार्फत मात्रै प्रकाशन गर्ने नीति अवलम्बन गरेपछि बारा सहित देशभरका साना तथा स्वरोजगारमुखी पत्रपत्रिकाहरू गम्भीर आर्थिक संकटमा परेका छन्। दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक रूपमा प्रकाशन हुँदै आएका धेरै स्थानीय पत्रपत्रिकाहरू अहिले छापाखानाबाट बजारमा आउन छाडेर केवल पीडीएफ संस्करणमा सीमित हुन बाध्य भएका छन्।

स्थानीय सञ्चारकर्मी तथा पत्रिका प्रकाशकहरूका अनुसार सरकारी विज्ञापन नै आम्दानीको मुख्य आधार रहेकाले विज्ञापन कटौतीसँगै छपाइ, कर्मचारी व्यवस्थापन र वितरण खर्च धान्न कठिन भएको हो। विशेषगरी जिल्ला र ग्रामीण क्षेत्रमा सञ्चालन भइरहेका साना पत्रपत्रिकाहरू प्रत्यक्ष प्रभावित भएका छन्।

बारा जिल्लामा मात्रै लामो समयदेखि प्रकाशन हुँदै आएका दर्जनौं स्थानीय पत्रपत्रिकाले नियमित मुद्रित संस्करण बन्द गरेर सामाजिक सञ्जाल वा डिजिटल पीडीएफमार्फत सामग्री सार्वजनिक गर्न थालेका छन्। कतिपय पत्रिका त नाममात्र दर्तामा सीमित भएका छन् भने केही पूर्ण रूपमा बन्द

*बाँकी तेश्रो पृष्ठमा*

# विद्यालय कि मदिरालय? गौरको एक विद्यालयमा मदिराका बोतल भेटिएपछि स्थानीय युवाद्वारा सफाइ

*शु. आ. सम्बाददाता*
*रौतहट, ०३ जेठ*

विद्यार्थीहरूले भविष्य निर्माण गर्ने विद्याको मन्दिर मानिने विद्यालय परिसर नै फोहोरको डंगुर र मदिरा सेवन गर्ने अखडा बनेको तथ्य सार्वजनिक भएको छ। रौतहटको गौर नगरपालिका-८ स्थित आधारभूत प्राथमिक विद्यालय पुरेनवाको दयनीय अवस्था बाहिरिएसँगै विद्यालय प्रशासन र स्थानीय जनप्रतिनिधिको गैरजिम्मेवारीपनप्रति गम्भीर प्रश्न खडा भएको छ।



विद्यालय परिसरभित्रै मदिरा र बियरका खाली बोतलहरू जताततै छरिएको शौचालय दुर्गन्धित भएको र लामो समयदेखि सरसफाइ नभएको फेला परेपछि स्थानीय युवाहरू आन्दोलित बनेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका वडा समिति अध्यक्ष एवं समाजसेवी विरेन्द्र साह को नेतृत्वमा स्थानीय युवाहरूले स्वतःस्फूर्त रूपमा विद्यालय सुधार तथा बृहत् सरसफाइ अभियान सञ्चालन गरेका हुन्।

उक्त अभियानमा दुई दर्जनभन्दा बढी युवा, अभिभावक र स्थानीय बासिन्दाहरूको सहभागिता रहेको थियो। सहभागीहरूले विद्यालयको आँगन, कक्षाकोठा आसपास र शौचालयमा थुप्रिएको फोहोर हटाएका थिए।

सरसफाइ अभियानको नेतृत्व गरिरहेका विरेन्द्र साहले विद्यालय व्यवस्थापन समिति र वडाका जनप्रतिनिधिहरूको चरम लापरवाहीका कारण शैक्षिक संस्थाको गरिमा धुमिल भएको बताए। उनले भन्ने :एउटा विद्यालयभित्र मदिराका बोतलहरू फेला पर्नु लज्जास्पद विषय हो। विद्यालय नजिकै खुलेआम मदिरा बिक्री भइरहँदा पनि सम्बन्धित निकाय मौन बस्नुले कानुनको धज्जी उडेको छ। हामीले बालबालिकाको स्वास्थ्य र भविष्यमाथि खेलबाड हुन दिने छैनौं। स्थानीयका अनुसार विद्यालयमा शौचालयको सुविधा भए तापनि नियमित सरसफाइ नहुँदा विद्यार्थीहरू खुल्ला ठाउँमा जान बाध्य छन्, जसले गर्दा उनीहरूको स्वास्थ्यमा ठूलो जोखिम निम्तिएको छ।

अभियानमा सहभागी युवाहरू मुकेश कुमार साह, राम बालिक साह, सञ्जय साह, राजा बाबु महतो, सुबोध साह, र कृष्ण साह लगायतले विद्यालयको शैक्षिक वातावरण सुधार्न कडा कदम चाल्नुपर्ने माग गरेका छन्। उनीहरूले विद्यालय परिसरमा हुने अनैतिक गतिविधि तत्काल रोक्न र मदिरा सेवन गर्नेहरूलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासनसँग आग्रह गरेका छन्। प्रमुख मागहरू:विद्यालय परिसरमा नियमित सरसफाइको सुनिश्चितता, विद्यालय आसपास रहेका मदिरा पसलहरूलाई कानुनी मापदण्डभित्र ल्याउने, विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता र सक्रियता, बालबालिकाका लागि सुरक्षित र स्वच्छ शैक्षिक वातावरणको निर्माण समेतको नगरपालिका र शिक्षा शाखाले यस्तो संवेदनशील विषयमा कस्तो कदम चाल्छ भन्नेतर्फ अहिले सबैको ध्यान केन्द्रित भएको छ। स्थानीय युवाहरूले भने सुधार नभएसम्म आफ्नो दबाबमूलक अभियान जारी राख्ने चेतावनी दिएका छन्।

# विकास निर्माणको विवादमा युवक गम्भीर घाइते, आईसीयूमा उपचाररत

*शु.आ. सम्बाददाता*
*रौतहट, ०३ जेठ*

रौतहटको कटहरिया नगरपालिका-३ बिर्ती प्रष्टोकामा विकास निर्माणको क्रममा भएको विवादमा एक युवक गम्भीर घाइते भएका छन्।



वडा नं. ३ स्थित बिच गाउँमा निर्माणाधीन नाला तथा सडक ढलान कार्यका क्रममा ऐलानी जग्गाको विषयलाई लिएर दुई पक्षबीच विवाद हुँदा झडप भएको स्थानीयले बताएका छन्। स्थानीय हरेन्द्र साह बनियाँको घरदेखि उत्तर-दक्षिणसम्म १२ फिट सडक चौडा गर्ने सहमतिका विषयमा विवाद उत्पन्न भएको जनाइएको छ। स्थानीयवासीका अनुसार भिखारी साह बनियाँले ऐलानी जग्गा कब्जा गरेको र खाली गर्न नमानेपछि विवाद चर्किएको हो। विवाद उग्र बन्दै जाँदा भिखारी साहले छिमेकी हरेन्द्र साह बनियाँमाथि कुटपिट गरेको आरोप लागेको छ।

पीडित हरेन्द्र साह बनियाँका अनुसार किला ठोकिएको बाँसको भाटा प्रहार गर्दा उनका जेठा छोरा सुकेश साह गम्भीर घाइते भएका हुन्। घाइते सुकेश साहको वीरगञ्जस्थित निकण्ठ हस्पिटल मा आईसीयूमा राखेर उपचार भइरहेको परिवारले जनाएको छ।

पीडित पक्षले आफूहरूमाथि ज्यान मार्ने उद्देश्यले आक्रमण भएको दाबी गर्दै इलाका प्रहरी कार्यालय कटहरिया मा लिखित उजुरी दिएको जनाएको छ। घटनामा सन्तोष साह, अनिता देवी तथा छिमेकी विकी साहकी पत्नी सबिता साहमाथि समेत कुटपिट भएको पीडित पक्षको आरोप छ।

यता, उपभोक्ता समितिका सचिव लालबाबु साह बनियाँमाथि केही दिनअघि स्थानीय सरिता देवीलाई समेत कुटपिट गरेको आरोप लागेको बताइएको छ। स्थानीयवासीका अनुसार विकास निर्माणसँग जोडिएका विवादले पटक-पटक तनाव सिर्जना गर्दै आएको छ।

घटनाबारे वडा अध्यक्ष श्यामाकान्त यादव ले विकास निर्माणभन्दा बढी व्यक्तिगत विवादका कारण घटना भएको प्रतिक्रिया दिएका छन्।

त्यसैगरी उपभोक्ता समितिका रामप्रवेश साह बनियाँले भिखारी साहले ऐलानी जग्गा खाली गर्न नमानेको दाबी गर्दै स्थानीयको पहलमा उक्त जग्गा खाली गराइएको बताए।

घटनाबारे इलाका प्रहरी कार्यालय कटहरियाले अनुसन्धान अघि बढाएको जनाएको छ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


# सम्पादकीय...........

## सार्वजनिक जग्गा अतिक्रमण हटाउने अभियान : कानुन कार्यान्वयनको सकारात्मक संकेत

बारामा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउने अभियानले तीव्रता पाएको छ । वर्षौंदेखि अनधिकृत रूपमा प्रयोग हुँदै आएका सरकारी जग्गा खाली गराउने जिल्ला प्रशासन कार्यालयको कदमले कानुन कार्यान्वयनको सन्देश दिएको छ ।

जिल्ला प्रशासन कार्यालय बारा ले कलैया उपमहानगरपालिका क्षेत्रमा सार्वजनिक जग्गा संरक्षणका लागि सुरु गरेको यो अभियान राज्यको सम्पत्ति संरक्षणतर्फको महत्वपूर्ण पहल हो । सरकारी जग्गा व्यक्तिगत स्वार्थका लागि प्रयोग हुनु न केवल कानुनविपरीत हो, बरु भविष्यमा हुने विकास निर्माणका योजनामा समेत बाधा पुऱ्याउने विषय हो ।

लामो समयदेखि राजनीतिक संरक्षण, प्रशासनिक कमजोरी र अनुगमनको अभावका कारण सार्वजनिक जग्गा अतिक्रमण मौलाउँदै आएको यथार्थ अब लुक्न सक्ने छैन । कतिपय स्थानमा घरटहरा, पसल तथा अन्य संरचना निर्माण गरी सार्वजनिक सम्पत्ति नै निजी प्रयोगमा लगिएको अवस्था देखिनु राज्य संयन्त्रको कमजोरीको प्रतिविम्ब हो ।

यस्तो अवस्थामा प्रशासनले थालेको अभियानले "कानुन सबैका लागि बराबर हो" भन्ने सन्देश दिएको छ । सार्वजनिक सम्पत्तिमाथि भएको अनधिकृत कब्जा हटाउने प्रक्रिया राज्यको नियमित र आवश्यक दायित्व हो, जसलाई ढिलाइ नगरी अघि बढाउनु सकारात्मक पक्ष मान्न सकिन्छ ।

तर, अभियानको अर्को संवेदनशील पक्ष भने नजरअन्दाज गर्न मिल्दैन । वर्षौंदेखि बसोबास र जीविकोपार्जनका लागि ती स्थानमा निर्भर रहेका परिवारहरू प्रभावित हुने अवस्था पनि देखिन्छ । अचानक संरचना हटाउँदा उनीहरूको दैनिक जीवन, आवास र रोजगारीमा प्रत्यक्ष असर पर्न सक्छ ।

त्यसैले यस्ता अभियान केवल बल प्रयोगमा सीमित हुनु हुँदैन । कानुन कार्यान्वयनसँगै वैकल्पिक व्यवस्थापन, पुनःस्थापना र सामाजिक न्याय सुनिश्चित गर्नु राज्यको समान दायित्व हो । कमजोर वर्गलाई बेवास्ता गरेर गरिने कारवाही दीर्घकालीन समाधान होइन ।

साथै, अतिक्रमण हटाउने प्रक्रिया सबै स्थानमा समान रूपमा लागू हुनुपर्ने आवश्यकता पनि उत्तिकै महत्वपूर्ण छ । पहुँच, राजनीतिक प्रभाव वा आर्थिक शक्तिका आधारमा छुट वा कठोरता देखाइयो भने अभियानको निष्पक्षतामाथि प्रश्न उठ्न सक्छ ।

समग्रमा, बारामा सुरु भएको सार्वजनिक जग्गा अतिक्रमण हटाउने अभियान कानुन कार्यान्वयनको सकारात्मक संकेत हो । तर यसको दीर्घकालीन सफलता प्रशासनिक कठोरतासँगै सामाजिक संवेदनशीलता र निष्पक्षताको सन्तुलनमा निर्भर रहनेछ ।

# न्यायिक दरबारमा सुकुम्बासीको आर्तनाद



**रमेश भट्टराई**

साँचो विकासका लागि त राज्यले 'डोजर' होइन, 'छहारी' बोकेर नागरिकको ढोकामा पुग्नुपर्थ्यो तर त्यसो हुन सकिरहेको छैन ।

सारमा पहिला मानिस हुन्छ । समाज हुन्छ अनि बल्ल देश । मुलुक खुसी हुन व्यक्ति खुसी हुनुपर्छ । गरिबले पनि धनीले जसरी नै हाँस्न पाउनुपर्छ किनभने उसँग पनि सुखमा हाँस्न सक्ने उस्तै दिल हुन्छ । र, आमाको कोखबाट यस धर्तीमा जन्मेको कुनै पनि शिशु जन्मँदै गरिब, सुकुम्बासी वा अयोग्य हुनुमा देशको व्यवस्था र अवस्थाको पनि उत्तिकै ठूलो हात हुन्छ । जसमा अघिल्ला सरकार, शासक र गलत शैलीको प्रभावले जरो गाडेको हुन्छ । यसर्थ, धैर्य र विवेकलाई बन्धक राखेर समृद्धिको गीत गाउनु पनि सुशासन होइन, अहंकार नै हो ।

मुलुकमा सुधार्नुपर्ने अनगन्ती क्षेत्रहरू, काण्डहरू, गोप्य घटनाहरू हुँदाहुँदै यति धेरै हतारोमा सुकुम्बासी बस्ती भत्काउनुपर्ने कस्तो बाध्यता आइलाग्यो- यो सरकारलाई ? आखिर सरकार शक्तिशाली छँदै छ । एउटा टेबल राखेर सक्कली सुकुम्बासी पहिचान गर्न सक्थ्यो । बाध्यताको यथार्थ खोज्न सक्थ्यो । हुकुमवासीका कर्तुतलाई तथ्यसहितको दस्ताबेजीकृत गर्न सक्थ्यो । बढीमा दुई महिना लाग्थ्यो होला । सुकुम्बासीले सुविधायुक्त स्थानमा सर्न पाउँदा सरकारलाई जयजयकार गर्थे पनि । हामी पनि 'आहा बालेन' सरकार भन्थ्यौं होला । वास्तवमा यसअघिका सरकारभन्दा यो सरकारले गरेका सबै खालका काममा जनताबाट सबैभन्दा बढी समर्थन पाइरहेको पनि देखिन्छ । वास्तवमा अभाव, गरिबी र प्रताडनाका पीडाले थिल्थिलो भएकाहरूमा नै अरूको दुःखलाई आफ्नै दुःख देख्ने सचेतना र संस्कार हुने रहेछ ।

फ्रान्सेली चिन्तक मिसेल फुकोले 'बायोपोलिटिक्स'को क्रूरताले प्राचीन समयमा शासकले मार्न पाउने वा मर्न दिने अधिकारको चर्चा गरेका छन् । तथापि, आधुनिक राज्यले मानिसलाई मार्नुभन्दा पनि उनीहरूलाई कसरी 'बाँच्न दिने र उत्पादनशील बनाउने' भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । यो 'जीवन'को व्यवस्थापनमा आधारित शक्ति चिन्तन हो । राज्यले कुन नागरिकलाई 'सभ्य' मान्ने र कसलाई 'अव्यवस्थित' भनेर किनारा लगाउने भन्ने कुराको फैसला आफ्नो शक्ति र ज्ञानको अहंकारबाट गरिरहेको छ । सहरलाई 'सुन्दर' बनाउने मध्यमवर्गीय सौन्दर्यबोध वास्तवमा आत्मकेन्द्रित बन्यो । उसलाई सडकका खाल्डाभन्दा पनि ती टहराहरूले बढी बिझाइरह्यो । यद्यपि, सीमान्त वर्गको आवाज सत्ताका कोठाहरूमा कहिल्यै पुग्दैन किनभने उनीहरूको भाषा 'शक्ति'को भाषासँग मेल खाँदैन ।

कोही पनि चाहेर गरिब हुँदैन । कसैले गरिबलाई भोट बैंक बनायो भन्दैमा सनकमा डोजर चलाएर बस्ती उजाड बनाउनु, सडकमा ल्याउनु अनि हामी व्यवस्थापन गरिहाल्छौं भन्नुले सक्कली मानवता देखाउँदैन ।

आज सोध्नैपर्ने प्रश्न के हो भने के हामी केवल 'नागरिक' हौं कि 'मानव' पनि ? हामी अरूको पीडामा मौन बस्छौं र केवल आफ्नो सडक सफा भएकोमा खुसी हुन्छौं भने हामीले आफ्नो विवेक गुमाइसकेको ठहर्छ । बोल्नुपर्ने स्थानको मौनतामा पनि शंका हुन्छ । यस धर्तीमा कोही पनि चाहेर गरिब हुँदैन । कसैले गरिबलाई भोट बैंक बनायो भन्दैमा सनकमा डोजर चलाएर बस्ती उजाड बनाउनु, सडकमा ल्याउनु अनि हामी व्यवस्थापन गरिहाल्छौं भन्नुले सक्कली मानवता देखाउँदैन । हरेक मानिस एक ठाउँबाट अर्को स्थानमा सर्नुअघि मानसिक रूपमा पनि तयार हुनुपर्छ । यसका लागि सरकारले समय दिनुपर्छ । विश्वास दिलाउनुपर्छ । हो, हिजो ती विपन्नहरूमाथि राजनीति भयो, खेलबाड गरियो, चुनावदेखि चुनावसम्मका थुप्रै अश्वासन बाँडियो । हुकुमवासीले राज गरे । भाडासमेत उठाएर खाएका कुरा समाचारमा सुनिएका छन् तर त्यसो भन्दैमा कमसेकम उनीहरूलाई मानसिक रूपमा स्थानान्तरणका लागि तयार हुने समय दिनु पर्दैन र ?

एउटा कोठा सार्न त मानिसले महिनौं दिनसम्म तयारी गर्नुपर्छ । वास्तविक सुकुम्बासी पहिचान पनि नगरी कसैको गल्तीको सजाय ती अबोध बालबालिकामाथि किन थोपरियो ? वृद्धवृद्धा र रोगीलाई किन अपराधी झैं गरियो ? अहिले तिनको बालमनोविज्ञानमा कस्तो पीडाले घोचिरहेको होला ? के त्यो पीडा जेन–जी आन्दोलनका मृतक परिवारको जत्तिकै गहिरो होइन र ! अनि, आत्महत्यासमेत गर्न विवश भएका परिवारका सदस्यहरूको मुटुले बालेन सरकारलाई कसरी धन्यवाद देला त । आखिर मानिस त मानिसै हो । अनि, यति धेरै हतारोमा डोजर आतंकले विकलांगको दिललाई किन घायल बनाइयो ? वृद्धवृद्धा, रोगी, स्कुले विद्यार्थीको रोदन साँच्चै दर्दनाक लाग्छ । धनीका महल बनाउनेदेखि शौचालय सफा गरिदिने बबुरा श्रमिकहरूले कस्तो खालको भयंकर अपराध गरेका हुन् ! के राम्रो गर्छु भनेर भएका संरचना भत्काउनु मात्रै रचनात्मक शैली हो ? महाभारतमा युधिष्ठिरले स्वर्गको ढोकासम्म पुग्दा आफूसँगै आएको एउटा कुकुरलाई नछोड्ने अड्डी कसे । त्यो कुकुर केवल एक जनावरमात्रै नभएर कमजोर र आश्रितप्रतिको राज्यको जिम्मेवारीको प्रतीक थियो । तर, आजका हाम्रा आधुनिक मसिहाहरू विकासको स्वर्गमा पुग्न नागरिकलाई कुल्चिएर अघि बढ्न उद्यत् देखिन्छन् । बुद्धले भने झैं, दुःखको मूल कारणको खोजी नगरी केवल लक्षणलाई दण्डित गर्नु न्याय होइन । सुकुम्बासीहरू सहरमा आउनुका पछाडि गाउँको भोकमरी, जलवायु परिवर्तनका कारण आएको बाढी, पहिरो र विभेदकारी भूस्वामित्वको शैली पनि त जिम्मेवार छ ।

काठमाडौंजस्ता सहरका चिल्ला सडक र सिसाका महलहरूले दिने चमकभन्दा ती सडकको छेउमा उभिएका प्लास्टिक र टिनका टहराहरूले आजको समयको वास्तविक अनुहार बोलेका हुन् । ती टहराहरू केवल गरिबीका नमुनामात्र होइनन् । तिनले हाम्रो देशको दशकौंदेखिको असफलता, विभेदकारी संरचना र मानव अधिकारप्रतिको उदासीनताका जीवित तर विद्रुप अनुहारको ऐना बोकेका हुन् । डोजर लिएर नदी किनारका बस्तीहरूमा धावा बोल्दै गर्दा त्यो डोजरको आवाजले केवल भौतिक संरचनामात्र भत्काएको होइन । लोकतन्त्रले वाचा गरेको 'सामाजिक न्याय'को मेरुदण्ड नै चर्किएको महसुस भएको छ । सामाजिक सञ्जालमा देखिएका ती चित्कार, सुत्केरीका आँसु र बालबालिकाको भयभीत नजरले सोधिरहेका छन्- के यस्ता सहरहरू केवल सम्पन्न र सुकिलाहरूको मात्र हो ?

ऐतिहासिक रूपमा हेर्ने हो भने नेपालमा सुकुम्बासी समस्या कुनै प्राकृतिक प्रकोप होइन । यो राज्यद्वारा निर्मित एउटा राजनीतिक र सामाजिक सोचको रोग हो । पञ्चायतदेखि आजको 'झन्डै दुईतिहाइ'को दम्भ बोकेजस्तै देखिएको संघीय सरकारसम्म आइपुग्दा सुकुम्बासी समाधानार्थ आयोगहरू बने । तर, तिनीहरू समस्या समाधानभन्दा कार्यकर्ता भर्ती गर्ने र भोट बैंक सुरक्षित गर्ने अखडा भइदिए । परिणामतः वास्तविक भूमिहीनहरू सधैं 'अवैध'को ट्याग बोकेर किनारमै खुम्चिन बाध्य भए । आज राज्यले यी बस्तीलाई 'अतिक्रमण स्थल'का रूपमा देख्छ । अनि, उसले आफ्नो ऐनामा आफ्नै अनुहार हेर्न बिर्सन्छ । के ती मानिसहरू रहरले नदीको दुर्गन्धित किनारमा बसेका हुन् ? यथार्थमा राज्यको विकासको मूलप्रवाहले उनीहरूलाई त्यहाँ धकेलेको होइन र ?

मार्क्सवादी चिन्तनका आधारमा हेर्ने हो भने यो विशुद्ध वर्गीय द्वन्द्व पनि हो । जसको ओत लाग्ने ठाउँ नै त्यही हो उसलाई चाहिँ 'अतिक्रमणकारी'को संज्ञा दिएर लखेटिन्छ । नेपालको संविधानले आवासको हकलाई मौलिक हकमा सूचीकृत गरेको छ । कानुनको व्याख्या गर्नेहरूले 'सम्पत्तिको अधिकार'लाई माथिल्लो स्तरमा राखेर व्याख्या गरे जसरी 'बाँच्न पाउने अधिकार'लाई जीवनसँग जोडेर व्याख्या गर्नै सकेनन् । के राज्यले वैकल्पिक व्यवस्थाको दिगो आधारका बारेमा अलिकति पनि प्रस्ट नपारीकन नागरिकलाई सडकमा फाल्न मिल्छ ?

अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड र संयुक्त राष्ट्रसंघको 'राइट टु एडिक्वेट हाउजिङ'ले त जबर्जस्ती हटाउने कुरालाई अन्तिम विकल्पका रूपमा व्याख्या गरेको छ । त्यसमा पनि पुनर्स्थापनाको पूर्ण ग्यारेन्टीका कुरा हुनुपर्छ । तर, यहाँ त डोजर नै पहिलो र अन्तिम विकल्प बनेर आयो । अचानक नसोचेको घटना भइदिँदा मानसिक रूपमा विक्षिप्त भएपछि मानिसले आत्महत्याको बाटो रोज्यो । सरकारले ती जनतामा व्यवस्थापनको विश्वाससम्म नगराई डोजर आतंक मच्चाइदियो । तर, बिन्ती छ, कृपया यो सरकार यसरी आतंकको पर्याय नबनोस्, अभिभावक बनोस् भन्ने याचनामात्रै हो । आखिर स्थान र परिवेशका आधारमा सरकारले 'इन् सिटु अपग्रेडिङ' अर्थात् स्थानअनुसारको सुधारको अवधारणा ल्याउन सक्छ । डुबान र बाढीको जोखिमबाट सुरक्षित स्थानमा राख्न सक्छ । सक्कली सुकुम्बासीलाई पहिचान गरेर अवसर दिन सक्छ । भएका संरचना भत्काएपछि मात्रै निर्माण गर्न सकिन्छ भन्नु पनि त मूर्खता हुन सक्छ ।

वास्तवमा झन्डै दुईतिहाइको सरकार र स्थानीय निकायबीचको समन्वयको अभावले पनि सुकुम्बासीहरू चेपुवामा परिरहे । राज्य सञ्चालनको सिद्धान्तमा शक्ति जति ठूलो हुन्छ संयम र उत्तरदायित्व त्यति नै गहिरो हुनुपर्छ । न्याय प्रणालीको अनुपातको सिद्धान्तअनुसार कुनै पनि सरकारी कदमले पुऱ्याउने क्षतिभन्दा त्यसबाट हुने लाभ बढी हुनुपर्छ । केही रोपनी सार्वजनिक जग्गा खाली गराउँदा हजारौं मानिसको जीवन बर्बाद हुन्छ भने त्यो न्यायोचित निर्णय हुँदैन । किनभने, अब भत्किएका स्थानमा बन्ने सहरको सुन्दरताले ती बालबालिकाको शिक्षा र भविष्यको क्षतिपूर्ति गर्न सक्दैन । सरकारले आवास व्यवस्थापनको कुरा त गऱ्यो तर प्रक्रियामा गम्भीर त्रुटि भएर निम्तिएको समस्या जटिल बन्यो । सुकुम्बासी समस्याको समाधान डोजरको इन्जिनमा नभएर संवादको टेबुलमा छ । प्रेमपूर्ण व्यवहार र वास्तविक भूमिहीन नागरिकको पहिचानमा केन्द्रित छ । यसमा अवसरवादी अतिक्रमणकारीबीचको वास्तविकता रेखा कोर्नु राज्यको दायित्व हो । त्यो रेखा कोर्दा मानवीय संवेदनाको मसी प्रयोग गरिनुपर्छ । सहर केवल ढुंगा र सिमेन्टको थुप्रो नभएर त्यहाँ बस्ने मानिसहरूको सामूहिक सपना हो । भविष्यको चाहना हो । यदि त्यो सपनामा गरिबका लागि ठाउँ छैन भने त्यस्तो सहरलाई जीवित सहर भन्न सकिँदैन ।

चुरो कुरो के हो भने के हामी केवल 'नागरिक' हौं कि 'मानव' पनि ? हामी अरूको पीडामा मौन बस्छौं र केवल आफ्नो सडक सफा भएकोमा खुसी हुन्छौं भने हामीले आफ्नो विवेक गुमाइसकेको ठहर्छ । बोल्नुपर्ने स्थानको मौनतामा पनि शंका हुन्छ । यदि अन्यथा हुँदैन भने वर्तमान सरकार त सबैभन्दा बढी आशा गरिएको सरकार हो । सहरको किनारमा उभिएका ती निरीह टहराहरूले आज हाम्रो लोकतन्त्र र न्याय प्रणालीलाई गिज्याइरहेका छन् । साँचो विकासका लागि त राज्यले 'डोजर' होइन, 'छहारी' बोकेर नागरिकको ढोकामा पुग्नुपर्थ्यो । हिजो भोट माग्न गए जसरी नै मीठो बोल्नुपर्थ्यो किनभने न्याय सधैं शक्तिशालीको पक्षमा मात्रै हुनु हुँदैन । न्याय त सधैं सत्य र मानवताको पक्षमा उभिनुपर्छ । के हाम्रो मुलुकको न्यायप्रणाली यो मानवताको अग्निपरीक्षामा उत्तीर्ण हुन तयार छ ?


## महागढीमाई नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर, बारा


समृद्ध नेपाल, सुखी नेपाली दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# सोमालिया निर्वाचन वार्ता निष्कर्षविहीन, संवाद जारी राख्न संयुक्त राष्ट्रसंघको आग्रह

एजेन्सी - निर्वाचन र राजनीतिक संक्रमणसम्बन्धी प्रमुख विवाद समाधान हुन नसकेपछि तीन दिनसम्म चलेको वार्ता निष्कर्षविहीन बनेपछि संयुक्त राष्ट्रसंघले सोमालियाका नेताहरूलाई संवाद जारी राख्न आग्रह गरेको छ ।



संयुक्त राष्ट्रसंघको सोमालिया संक्रमण सहायता मिसन (यूएनटीएमआईएस) ले दुवै पक्षले समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेकोमा स्वागत गर्दै आगामी चरणमा पनि वार्ता जारी राख्नुपर्ने बताएको छ ।

'सोमालिया सङ्क्रमणकालीन चरणमा प्रवेश गर्दै गर्दा संघीय सरकारलाई सबै सरोकारवालासँग समन्वय गर्दै व्यावहारिक र एकीकृत निर्वाचन मोडेलमा सहमति निर्माण गर्न प्राथमिकता दिन हामी आग्रह गर्छौं,' यूएनटीएमआईएसले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

तीन दिनसम्म चलेको वार्ता शुक्रबार समाप्त भएको थियो, जुन राष्ट्रपति हसन शेख मोहामुदको चार वर्षे कार्यकाल औपचारिक रूपमा सकिएको समयसँगै मिलेको हो ।

मार्चमा सांसदहरूले संविधान संशोधन गर्दै राष्ट्रपति र संसद्को कार्यकाल पाँच वर्ष पुऱ्याउने निर्णय अनुमोदन गरेका थिए । तर विपक्षी दलहरू र केही संघीय सदस्य राज्यहरूले यस विस्तारलाई अस्वीकार गरेका छन् ।

यूएनटीएमआईएसले कूटनीतिक पहलमार्फत भएको पछिल्लो वार्ता पनि प्रमुख विवाद समाधान नगरी टुंगिएकोमा दुःख व्यक्त गरेको छ ।

मिसनले सोमालियाका नेताहरूलाई देशका गम्भीर चुनौतीहरू-मानवीय संकट र असुरक्षा लगायत-समाधान गर्न एकताबद्ध हुन आग्रह गरेको छ । यसले संयमता अपनाउन आह्वान गर्दै अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर राजनीतिक विभाजन अन्त्य गर्ने प्रयासमा सहयोग गर्न तयार रहेको पनि जनाएको छ ।

विश्लेषकहरूका अनुसार वार्ताको मुख्य विषय निर्वाचन प्रणालीमा विवाद थियो । राष्ट्रपति पक्षले प्रत्यक्ष मतदान प्रणालीको पक्ष लिएको छ भने विपक्षी पक्षले परिमार्जित परम्परागत अप्रत्यक्ष मतदान प्रणाली कायम राख्न चाहेको छ ।

विपक्षी नेता र केही क्षेत्रीय राज्यहरूले यदि अन्तिम सहमति नभएमा मे १५ पछि सरकारको वैधता स्वीकार नगर्ने चेतावनी दिएका छन् ।

## विज्ञापन........

हुने अवस्थामा पुगेका सञ्चालकहरूको गुनासो छ ।

स्थानीय प्रकाशकहरू भन्छन्, "ठूला मिडियाले निजी क्षेत्रबाट विज्ञापन पाउँछन्, तर स्थानीय पत्रिकाको मुख्य आधार सरकारी सूचना नै हो । अहिले त्यो स्रोत बन्दजस्तै भएपछि पत्रिका टिकाउनै कठिन भएको छ ।"

पत्रकार महासंघसँग आबद्ध सञ्चारकर्मीहरूले पनि सरकारी विज्ञापन वितरण प्रणालीलाई समावेशी र समानुपातिक बनाउनुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार पहुँच र प्रभावका आधारमा सीमित सञ्चारगृहलाई मात्रै प्राथमिकता दिँदा स्थानीय पत्रकारिता कमजोर बन्दै गएको छ । विशेषगरी ग्रामीण क्षेत्रका नागरिकसम्म स्थानीय सूचना, सार्वजनिक सरोकारका विषय, स्थानीय तहका गतिविधि तथा समुदायका आवाज पुऱ्याउने माध्यमका रूपमा रहेका साना पत्रपत्रिकाहरू संकटमा पर्दा सूचना पहुँचमा समेत असर परेको सरोकारवालाहरू बताउँछन् ।

मुद्रण व्यवसायीहरूका अनुसार पछिल्लो समय स्थानीय पत्रिकाको छपाइ उल्लेख्य रूपमा घटेको छ । कागज, मसी तथा छपाइ लागत बढिरहेका बेला विज्ञापन अभावले धेरै सञ्चारगृहले कर्मचारी कटौती गर्न थालेका छन् । कतिपय पत्रकार वैकल्पिक पेशातर्फ जान बाध्य भएका उदाहरण पनि बढ्दै गएका छन् ।

सञ्चार क्षेत्रका जानकारहरू भने लोकतान्त्रिक समाजमा विविध विचार, स्थानीय आवाज र समुदायस्तरको पत्रकारितालाई जोगाउन राज्यले साना तथा स्वरोजगारमुखी सञ्चारमाध्यमलाई संरक्षणमुखी नीति ल्याउनुपर्ने बताउँछन् । सरकारी विज्ञापन वितरणमा पारदर्शिता, समान अवसर र स्थानीय सञ्चारमाध्यमको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ ।

स्थानीय सञ्चारमाध्यमहरूले अबको नीति केवल ठूला मिडियामुखी नभई जिल्लास्तरका पत्रपत्रिकालाई समेत जीवित राख्ने खालको हुनुपर्ने बताएका छन् । अन्यथा, स्थानीय पत्रकारिता क्रमशः डिजिटल फाइलमा सीमित हुने र समुदायस्तरको सूचना प्रणाली कमजोर बन्दै जाने चिन्ता व्यक्त गरिएको छ ।

## कोल्हबीमा......

धारणा व्यक्त गरे ।

नगर प्रमुख चौधरीले स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, खेलकुद तथा रोजगारीका क्षेत्रमा विशेष प्राथमिकता दिँदै आएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सहभागीहरूले यस्ता समावेशी कार्यक्रमले आत्मविश्वास वृद्धि गर्नुका साथै सामाजिक चेतना अभिवृद्धि हुने बताएका थिए ।

# बारामा सशस्त्रद्वारा तीन लाख बराबरको अवैध सामान बरामद

***शु.आ. सम्बाददाता***
***बारा, ०३ जेठ***

सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण हे.क्वा. बारा अन्तर्गत सीमा सुरक्षा गुल्म मटिअर्वा र बि.ओ.पी. बेनौलीबाट खटिएको सशस्त्र प्रहरी टोलीले करिब तीन लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ ।



नियमित गस्ती तथा चेकजाँचका क्रममा भारतबाट भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा उक्त सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

बरामद सामग्रीमा १९२ थान स्टिल जग, किराना सामान तथा विभिन्न घरायसी सामग्री रहेका छन् । प्रहरीका अनुसार बरामद सामानको अनुमानित बजार मूल्य करिब तीन लाख रुपैयाँ रहेको छ ।

अवैध सामान ओसारपसारमा प्रयोग गरिएको एउटा मोटरसाइकललाई समेत सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रम मणि अधिकारी का अनुसार सीमाक्षेत्रमा हुने चोरीपैठारी, तस्करी तथा अवैध कारोबार नियन्त्रणका लागि नियमित निगरानी, पैदल गस्ती तथा चेकजाँचलाई थप कडाइका साथ सञ्चालन गर्दै आइएको छ ।

# विश्व सडक सुरक्षा सप्ताह २०२६ : वीरगञ्जमा प्रतिबिम्ब स्टिकर टाँस्दै सडक सुरक्षा सचेतना

***हरिकिशोर शर्मा***
***पर्सा, ०३ जेठ***

विश्व सडक सुरक्षा सप्ताह २०२६ को अवसरमा वीरगञ्ज युवा समाज ले सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यसहित प्रतिबिम्ब (रिफ्लेक्टर) स्टिकर टाँस्ने तथा सडक सुरक्षा सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।




कार्यक्रम जिल्ला ट्राफिक कार्यालय पर्सा, वडा प्रहरी कार्यालय बिर्ता तथा मुर्ली परिवारको सहकार्यमा आयोजना गरिएको हो ।

"दुर्घटना न्यूनीकरणमा हामी सबैको सहभागिता र प्रतिबद्धता" भन्ने मूल नारासहित वीरगञ्जको माइस्थान प्राङ्गणबाट सुरु भएको सचेतना ऱ्याली विभिन्न नारा अंकित प्लेकार्डसहित मुख्य सडक हुँदै घण्टाघरसम्म पुगेको थियो । ऱ्यालीपछि साइकल, मोटरसाइकल, ठेला तथा ई-रिक्साजस्ता सवारी साधनमा प्रतिबिम्ब स्टिकर टाँस्दै सडक सुरक्षाबारे जनचेतना फैलाइएको थियो ।

कार्यक्रम संजीव थापा को अध्यक्षतामा सम्पन्न भएको थियो भने जिल्ला ट्राफिक कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक युवराज कटुवाल र वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक विक्रम सुवेदी विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा शिक्षाविद् तथा समाजसेवी प्रकाश उपाध्याय, मार्टिन मोक्तान, घण्टाघर प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक धर्मेन्द्र चौधरी, पर्सा फुटबल संघ का अध्यक्ष रोशन गुप्ता लगायत समाजका पदाधिकारी, ट्राफिक प्रहरी, सञ्चारकर्मी तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो ।

सो अवसरमा ट्राफिक प्रमुख कटुवालले अधिकांश सवारी दुर्घटना चालकको लापरवाही तथा ट्राफिक नियम उल्लंघनका कारण हुने गरेको उल्लेख गर्दै सबैले ट्राफिक नियम पालना गर्ने संस्कार विकास गर्नुपर्ने बताए । उनले विशेषगरी दैनिक श्रम गर्ने मजदुर, विद्यार्थी तथा विपन्न समुदायले प्रयोग गर्ने हलुका सवारी साधनमा प्रतिबिम्ब स्टिकर टाँस्ने अभियान प्रभावकारी रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले दुर्घटना न्यूनीकरणमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे ।

त्यसैगरी, समाजका अध्यक्ष थापाले "ज्यान छ भने जहान छ" भन्ने सन्देशलाई आत्मसात गर्दै सडक सुरक्षासम्बन्धी चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको बताए ।

उनले सडक सुरक्षा सप्ताह वर्षमा एकपटक मात्र सीमित नराखी प्रत्येक महिनामा कम्तीमा एकपटक यस्ता अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

सञ्चारकर्मी लालबाबु सिंह ले सहजीकरण गरेको कार्यक्रममा सहभागीहरूले यस्ता जनचेतनामूलक अभियानले सवारी चालक, स्थानीयवासी तथा समग्र समाजलाई सुरक्षित बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै आयोजकको प्रशंसा गरेका थिए ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश
- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वन क्षेत्रभित्र सडक निर्माणमा २५ लाख खर्च : कोल्हबी-८ मा "विकास कि बजेट सक्ने खेल ?" भन्ने प्रश्न

***नबिन चौधरी***
***बारा, ३ जेठ***

बाराको कोल्हबी नगरपालिका-८ अन्तर्गत नयाँबस्ती क्षेत्रमा वन तथा एलानी जग्गामा सडक स्तरोन्नतिको नाममा भइरहेको २५ लाख रुपैयाँ खर्चले स्थानीय तह, वन कार्यालय तथा राजनीतिक नेतृत्वमाथि गम्भीर प्रश्न उठाएको छ। स्थानीयवासीहरूले उक्त योजनालाई "आवश्यकताभन्दा कमिशनमुखी योजना" भएको आरोप लगाएका छन् । स्थानीय स्रोतका अनुसार सो सडक योजनाका लागि प्रारम्भमा करिब २ करोड रुपैयाँ बजेट प्रस्ताव गरिएको थियो । तर टेन्डर प्रक्रियामा जानुपर्ने कानुनी व्यवस्था छल्न तथा आफ्ना नजिकका व्यक्तिमार्फत काम गराउन सहज होस् भन्ने उद्देश्यले योजना घटाएर २५ लाख रुपैयाँमा सीमित गरिएको आरोप छ।

स्थानीयवासीका अनुसार उक्त योजना रामप्रसाद चौधरी निकट मानिएका ठेकेदार गणेश चौधरी लाई दिइएको हो। यस विषयमा प्रतिक्रिया दिँदै वडा अध्यक्ष अनुप सुवेदी ले प्रदेश सरकारबाट आएको बजेट तोकिएकै शीर्षकमा खर्च गर्नुपर्ने नगर प्रमुखको निर्देशन रहेको बताए। उनका अनुसार अन्य क्षेत्रमा आवश्यकता भए पनि बजेटको शीर्षक परिवर्तन गर्न नसकिने र त्यसो गरे कार्यादेश तथा भुक्तानी सिफारिस रोकिने अडान नगर प्रमुखको रहेको छ ।

तर स्थानीयहरूले नगरपालिकाले वास्तविक आवश्यकता भएका क्षेत्रलाई बेवास्ता गर्दै विवादित वन क्षेत्रभित्र सडक निर्माणलाई प्राथमिकता दिएको आरोप लगाएका छन् । उनीहरूका अनुसार झुलुङ्गे पुल, आर्यघाट, कृषि सडक तथा पुराना बस्तीका सडकहरू



जीर्ण अवस्थामा रहे पनि ती क्षेत्रमा बजेट नपुगेको गुनासो छ ।

स्थानीय स्रोतका अनुसार पूर्व वडा अध्यक्ष सार्थक पौडेल को पहलमा जिल्ला वन कार्यालयसँग "कुराकानी मिलाएर" निर्माण कार्य अघि बढाइएको दाबी गरिएको छ ।

नेपाल सरकारको वन तथा वातावरण सम्बन्धी कानुनी व्यवस्थाअनुसार राष्ट्रिय वन क्षेत्रभित्र सडक विस्तार, संरचना निर्माण वा सार्वजनिक उपयोगका आयोजना सञ्चालन गर्न निश्चित प्रक्रिया, स्वीकृति तथा जग्गा प्राप्तिसम्बन्धी कानुनी प्रबन्ध पूरा गर्नुपर्ने हुन्छ ।

यसबीच संघीय सरकारले हालै वन, एलानी, सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने नीति अघि बढाइरहेका बेला विवादित बस्तीभित्र सडक निर्माण हुनु थप विवादास्पद बनेको छ । स्थानीयवासीका अनुसार भविष्यमा उक्त बस्ती हटाइए अहिले निर्माण भइरहेको सडक उपयोगविहीन बन्न सक्ने जोखिमसमेत रहेको छ ।

स्थानीयहरूले "जनताको आवश्यकताअनुसार योजना छनोट नभई पहुँच र राजनीतिक निकटताका आधारमा कार्यादेश वितरण गरिएको" आरोप लगाएका छन् । केहीले नगर प्रमुख, कर्मचारी तथा वन कार्यालयका अधिकारीबीच आर्थिक चलखेल भएको आशंका पनि व्यक्त गरेका छन् ।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा पूर्व वडा अध्यक्ष पौडेलले प्रयोग गर्ने भनिएको मोबाइल नम्बर ९८५५०४९५०३ बन्द रहेको थियो । सम्बन्धित पक्षको आधिकारिक प्रतिक्रिया प्राप्त भएपछि थप समाचार सार्वजनिक गरिने जनाइएको छ ।

स्थानीय तहमा विकास बजेट पारदर्शी, आवश्यकता आधारित तथा कानुनसम्मत रूपमा खर्च हुनुपर्ने संवैधानिक दायित्व रहे पनि वडा नम्बर ८ को यो योजना अहिले "विकास कि बजेट सक्ने खेल ?" भन्ने बहसको केन्द्रमा पुगेको छ ।

अब मुख्य प्रश्न उठेको छ– वन क्षेत्रभित्र भइरहेको यो सडक निर्माण कानुनी प्रक्रिया पूरा गरेर गरिएको हो, कि राजनीतिक पहुँचका भरमा राज्यको बजेट खर्च गरिँदैछ ?

यदि सम्बन्धित निकायले यस विषयमा निष्पक्ष छानबिन नगर्ने हो भने स्थानीय तहमा विकास बजेटको दुरुपयोगप्रति जनविश्वास अझ कमजोर बन्न सक्ने देखिन्छ ।

# दोषीलाई कारबाही गर्न शैक्षिक संघ-संस्थाहरूको अल्टिमेटम, आन्दोलनको चेतावनी

शु. आ. सम्बाददाता
रौतहट, ०३ जेठ


जिल्लाको बौधीमाई नगरपालिकामा कार्यरत एक शिक्षकमाथि भएको अमानवीय दुर्व्यवहार र कुटपिटको घटनाले अहिले जिल्लाभरि चर्चा र आक्रोश पैदा गरेको छ । श्री शंकर माध्यमिक विद्यालय सरमुजवामा कार्यरत शिक्षक रामबाबु यादवमाथि भएको उक्त आक्रमणको विरोधमा रौतहटस्थित विभिन्न शैक्षिक तथा पेशागत संघ-संस्थाहरूले एकगठ भई दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेका छन् ।

गएको वैशाख २९ गते मंगलबार विद्यालय पालिकामै प्राथमिक तहका शिक्षक रामबाबु यादवमाथि दुर्व्यवहार तथा कुटपिट भएको थियो । स्थानीय जनप्रतिनिधि र जिम्मेवार निकायका पदाधिकारीहरू नै शिक्षकमाथि हातपातमा उत्रिएपछि जिल्लाको शैक्षिक जगत त्रसित र आक्रोशित बनेको हो ।

संयुक्त प्रेस विज्ञप्ति र मागहरु राखेका छन् ।

संघ-संगठनहरूले एक संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै यस घटनाको घोर भर्त्सना गरेका छन् । विज्ञप्तिमा भनिएको छ, नेपालको संविधानले शिक्षालाई तीनै तहको साझा अधिकार क्षेत्रभित्र राखेको अवस्थामा शिक्षकको परिचालन र नियमन गर्ने निकायका जिम्मेवार पदाधिकारीहरू नै यसरी कुटपिटमा संलग्न हुनु अत्यन्तै दुःखद, निन्दनीय र लोकतान्त्रिक मूल्य मान्यता विपरीतको कार्य हो ।

विज्ञप्तिमार्फत शिक्षक संगठनहरूले घटनामा संलग्न रहेको आरोप लागेका व्यक्तिहरूलाई कानुनी कठघरामा उभ्याउन माग गरेका छन् । आरोपीहरूको सूचीमा निम्न व्यक्तिहरू



विज्ञप्ती

मिति २०८३।०२।०२

मिति २०८३ वैशाख २९ गते मंगलबारका दिन श्री शंकर मा.वि. सरमुजवा बौधीमाई न.पा. वडा नं.- ८ रौतहट मा कार्यरत शिक्षक रामबाबु यादव (प्रा. शि. तृ.) माथि भएको दुर्व्यवहार र कुटपिट प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ एवम् त्यस्ता अमर्यादित गतिविधीलाई घोर भर्त्सना गर्दछौं ।

नेपालको संविधानले शिक्षालाई तीनै तहको साझा अधिकार क्षेत्रभित्र रहेको शिक्षकलाई परिचालन नियमन गर्ने नियमनकारी निकाय रक्षक नै भक्षक भएको खण्डमा सो घटनामा संलग्न बौधीमाई नगरपालिकाका नगर प्रमुख प्रदिप कुमार यादव लगायत वडा अध्यक्ष वडा नं. ८ का विन्देश्वर राय यादव र कार्यपालिका सदस्य सुनिल जयसवाल समेत लाई मिति २०८३ जेठ ०५ गते सम्ममा कानूनी दायरा भित्र ल्याई हदै सम्मको कारवाही गर्नको लागि रौतहट जिल्ला प्रशासन सँग यस विज्ञप्ती मार्फत जोडदार माग गर्दछौं ।

अतः हाम्रो मागलाई वेवास्ता गरिएमा र संलग्न व्यक्तिहरूलाई समयमा कारवाही नगरिएमा रौतहट जिल्ला स्थित शिक्षक हक हित पेशा सँग सम्बन्धित पेशागत संघ, संगठन र नेपाल शिक्षक महासंघ रौतहटले यस पश्चात कडा भन्दा कडा चरणवद्ध आन्दोलनको कार्यक्रम घोषणा गर्न बाध्य हुने जानकारी गराउँदछौं ।

१. नागेन्द्र राय यादव - सचिव , ने.शि.संघ रौतहट
२. योगेन्द्र प्रसाद कुशवाहा अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहट
३. धर्मेन्द्र प्र. सिंह - अध्यक्ष, प्रगतिशिल ने. राष्ट्रिय शिक्षक संगठन (ANTO) रौतहट
४. बुनिलाल प्रसाद यादव अध्यक्ष, एकीकृत अखिल शिक्षक संगठन (ANTO) रौतहट
५. शिव शंकर झा - अध्यक्ष, नेपाल शिक्षक मञ्च रौतहट

रहेका छन प्रदीप कुमार यादव नगर प्रमुख, बौधीमाई नगरपालिका, विन्देश्वर राय यादव वडा अध्यक्ष वडा नं. ८, सुनिल जयसवाल कार्यपालिका सदस्य रहेका छन् ।

शिक्षक संघ-संस्थाहरूले जिल्ला प्रशासन कार्यालय रौतहटलाई विशेष आग्रह गर्दै मिति २०८३ जेठ ५ गतेभित्र दोषीहरूलाई कानुनी दायरामा ल्याई हदैसम्मको कारबाही गर्न समयसीमा दिएका छन् ।

प्रशासनले तोकिएको समयभित्र माग पूरा नगरेमा र दोषीलाई उन्मुक्ति दिने प्रयास गरेमा जिल्लाव्यापी रूपमा कडा आन्दोलनका कार्यक्रमहरू घोषणा गर्ने चेतावनी दिइएको छ । नेपाल शिक्षक महासंघ रौतहटको नेतृत्वमा चरणबद्ध आन्दोलन सुरु गर्ने र यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं प्रशासन हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ । ऐक्यबद्धता जनाउने संघ-संस्थाहरू उक्त संयुक्त विज्ञप्तिमा रौतहट जिल्लाका प्रभावशाली शिक्षक संगठनका नेतृत्वकर्ताहरूले हस्ताक्षर गरेका छन्:

नागेन्द्र राय यादव - सचिव नेपाल शिक्षक संघ रौतहट, योगेन्द्र प्रसाद कुशवाहा - अध्यक्ष नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहट,

धर्मेन्द्र प्रसाद सिंह - अध्यक्ष, प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहट,

बुनिलाल प्रसाद यादव - अध्यक्ष, एकीकृत अखिल शिक्षक संगठन रौतहट, शिवशंकर झा - अध्यक्ष नेपाल शिक्षक मञ्च रौतहट रहेका छन् ।

शिक्षा क्षेत्र जस्तो संवेदनशील क्षेत्रमा खटिने राष्ट्रसेवकमाथि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाटै भएको यो आक्रमणले कानुनी राज्यको उपहास गरेको भन्दै नागरिक समाजले पनि यसप्रति चासो देखाएको छ । अब प्रशासनले जेठ ५ गतेभित्र कस्तो कदम चाल्छ भन्ने कुराले रौतहटको शैक्षिक वातावरण र शान्ति सुरक्षाको अवस्था निर्धारण गर्ने देखिन्छ ।

# "मेयर, उप-मेयर कप" खो-खो प्रतियोगिताको फाईनलमा चार विद्यालय

साजिर मन्सूर
बारा, ०३ जेठ

कलैया उपमहानगरपालिका को सहयोग तथा नगर खेलकुद विकास समितिको आयोजनामा जारी "मेयर, उप-मेयर कप" दोस्रो विद्यालयस्तरीय छात्र/छात्रा खो-खो प्रतियोगिताको फाईनल समीकरण तय भएको छ ।

आईतबार श्री ३ चन्द्र माध्यमिक विद्यालय को प्राङ्गणमा सम्पन्न सेमिफाइनल खेलपछि छात्रतर्फ श्री दुर्गा माध्यमिक विद्यालय बरेवा र इन्टरनेशनल सिम्बायोसिस बोर्डिङ स्कूल फाईनलमा प्रवेश गरेका हुन् । सेमिफाइनलमा इन्टरनेशनल सिम्बायोसिसले श्री ३ चन्द्र माविलाई पराजित गर्दै उपाधि नजिक पुगेको हो भने दुर्गा माविले बाल एकतालाई हराउँदै फाईनल यात्रा तय गरेको प्रशिक्षक क्यामुदिन मन्सूरले जानकारी दिए ।

यस्तै छात्रातर्फ श्री ३ चन्द्र माध्यमिक विद्यालय र श्री नेरा माध्यमिक विद्यालय



मनहर्वा बीच उपाधिका लागि प्रतिस्पर्धा हुने भएको छ ।

आज अपराह्न ४:३० बजे हुने फाईनल खेलका लागि चारै टोली उत्साहित देखिएका छन् । प्रतियोगितामा प्रथम हुने विद्यालयले नगद १५ हजार रुपैयाँ तथा उपविजेताले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

जेठ १ गतेदेखि सञ्चालनमा रहेको प्रतियोगितामा कलैया उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयका छात्र तथा छात्रा टोलीहरूको सहभागिता रहेको छ ।

# कोल्हबीमा अपाङ्गता समावेशी खेल अभ्यास तथा अन्तरक्रियात्मक कार्यक्रम सुरु

***शु.आ. संवाददाता***
***बारा, ०३ जेठ***

समृद्ध समाजका लागि युवा सशक्तिकरण (ഋഋഛ ऌभउबा) को आयोजनामा तथा कोल्हबी नगरपालिका र वडा नं. ९ को सहयोगमा दुई दिने "अपाङ्गता समावेशी खेल अभ्यास तथा अन्तरक्रियात्मक कार्यक्रम" आइतबारदेखि सुरु गरिएको छ । कार्यक्रम कोल्हबी नगरपालिका-९ मा सम्पन्न भएको हो ।

कार्यक्रममा कोल्हबी नगरपालिकाका नगर प्रमुख राम प्रसाद चौधरी को प्रमुख आतिथ्यता तथा वडा नं. ९ का वडा अध्यक्षको सभापतित्व रहेको थियो । कार्यक्रममा ഋഋഛ ऌभउबा का सचिव उदित कुमार साहले स्वागत मन्तव्य राखेका थिए भने संस्थाका अध्यक्ष महेश साहले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा २० जना अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको आयोजकले जनाएको छ । साथै श्री नेरा आधारभूत विद्यालय मुशहरवा, श्री नेरा आधारभूत विद्यालय श्रीपुर, श्री नेरा आधारभूत विद्यालय खगडे पडरी तथा श्री नेरा आधारभूत विद्यालय अरेम्बा बिर्ता गरी चार विद्यालयबाट १६ जना विद्यार्थीहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख चौधरीले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, क्षमता विकास तथा सामाजिक सहभागिताका लागि नगरपालिका सधैं प्रतिबद्ध रहने बताए । उनले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजको अभिन्न अंगका रूपमा सम्मानपूर्वक अघि बढाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने

बाँकी तेश्रो पृष्ठमा

छिपहरमाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, भिस्वा, पर्सा

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस ।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस ।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस ।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस ।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका